म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २७६ शुक्रबार ४ जेठ २०८१ ने. सं. ११४४ बछलाथ्व 17 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## स्वर्गीय भण्डारीको शालिकमा माल्यार्पण

हेटौंडा, ३ जेठ/हेटौंडा उपमहानगरपालिका-११ स्थित सहिदस्मारकमा रहेका नेकपा एमालेका जननेता स्वर्गीय मदन भण्डारीको शालिकमा माल्यार्पण गरिएको छ ।

भण्डारीको ३१ औं स्मृतिदिवसको अवसरमा बिहीबार एक कार्यक्रमबीच शालिकमा माल्यार्पण गरिएको हो । बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिँचाई मन्त्री एकालाल श्रेष्ठ, पूर्वमुख्यमन्त्री डोरमणि पौडेल, प्रदेशसभाका उपाध्यक्ष अप्सरा चापागाईं, प्रदेशका मन्त्रीहरुले स्व.भण्डारीको शालिकमा पुष्पगुच्छा अर्पण गरेका थिए । स्मृति दिवसको अवसरमा हेटौंडा उपमहानगर-९ स्थित मदनस्मारकमा रहेको शालिकमा पनि पुष्पगुच्छा अर्पण गरिएको थियो ।

### बागमतीमा समिति सभापतिको निर्वाचनः

## भागबण्डामा सहमति जुटेन, सदस्य हेरफेर

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/बागमती प्रदेशसभाका पाँच वटा विषयगत संसदीय समिति सभापति चयनका लागि निर्वाचन प्रक्रिया अगाडि बढेको छ ।

सभामुख भुवनकुमार पाठकले सभापतिहरुको निर्वाचन प्रक्रिया ३ जेठदेखि ५ गतेसम्म हुनेगरी कार्यक्रम स्वीकृत गरेका छन् । बिहीवार समितिमा रहेका प्रदेशसभा सदस्य (मतदाता) नामावली प्रकाशन भएको छ । सभामुख पाठकले सहमतिबाटै सभापतिहरुको टुंगो लगाउने कसरत गरिरहेको जानकारी दिए । 'सहमतिकै आधारमा निर्वाचनबाट सभापतिहरुको टुंगो लगाउन प्रयास गरिरहेको छु । दलहरुसँग छलफल भइरहेको छ,' पाठकले भने ।




सभामुख पाठकका अनुसार ४ जेठ शुक्रबार सभापतिको उम्मेदवारी दर्ताको कार्यक्रम रहेको छ । ५ गते प्रत्येक समितिको निर्वाचनबाट सभापति चयनसँगै ६ गतेको प्रदेशसभा बैठकबाट अनुमोदन गराउने तयारी रहेको पाठकले बताए । प्रदेशसभामा प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा समिति, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति छन् ।

प्रदेशका पाँच प्रमुख दललाई भागबण्डाअनुसार एक-एक वटा समिति लिने प्रस्ताव सत्ता गठबन्धनले राखेकोमा नेपाली कांग्रेस दुईवटा समिति सभापतिको अडानमै रहँदा सहमति जुट्न नसकेको हो । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले सर्वसम्मत रुपमा सभापतिको टुंगो लगाउन प्रयास भइरहेको बताए । जम्कट्टेलले यसअघि पाँच दललाई एक-एक वटा सभापति दिइने बताएका थिए ।

जसअनुसार नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र राप्रपाले सभापति पाउने थिए । प्रदेशसभाको ठूलो दल नेपाली कांग्रेसले दुईवटा समिति सभापतिमा दाबी गरेको थियो । प्रमुख प्रतिपक्षी दल कांग्रेस संसदीय दलका नेता बहादुरसिं लामाले ठूलो दल भएकाले दुईवटा समिति चाहिने बताए । राप्रपा संसदीय दलका नेता उद्धव थापाले छलफल भइरहे पनि सभापतिको विषयमा टुंगो नलागेको प्रतिक्रिया दिए । नेकपा एमालेका प्रमुख सचेतक मधुसुदन पौडेलले सहमतिमै सभापतिको टुंगो लगाइने बताए ।

संसदीय समिति चयनको जिम्मेवारी सभामुखको भए पनि प्रदेशसभामा रहेका दलबीच भागबन्डा नमिल्दा सभापति चयन हुन सकेको थिएन । नेकपा एकीकृत समाजवादीले तीनवटा मन्त्रालय लिएकाले उसलाई समिति सभापति दिन नसकिने सरकार निकटका एक सांसदले जानकारी दिए ।

समाजवादीकी रमा आलेमगरलाई बुधवार साँझको मन्त्रिपरिषद्बाट सामाजिक विकास मन्त्रालय फुटाएर युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी दिइएको छ । एकीकृत समाजवादीले भने तीन मन्त्रालय लिएर पनि थप एउटा समिति मागिराखेको ती सांसद बताउँछन् । समाजवादीको भागमा छुट्याइएको समिति कांग्रेसलाई दिएर सहमतिको प्रयासमा सरकार अग्रसर भएको एक सांसदको भनाई छ ।

१८ पुस २०७९ मा प्रदेशसभाको पहिलो बैठक बसेको थियो । त्यसपछि १२ असार २०८० मा आएर मात्रै प्रदेशका पाँचवटा संसदीय समिति गठन भएको थियो । तर, प्रदेशसभाको दोस्रो कार्यकालको डेढ वर्षसम्म पनि यी समितिले नेतृत्व नपाउँदा सरकारको काममाथि निगरानी गर्ने र जनसरोकारका विषयमा सरकारलाई घचघच्याउने संसदीय समिति प्रभावकारी भएनन् ।

**समितिमा सदस्य थपसँगै हेरफेर**

सभामुख भुवनकुमार पाठकले पाँचवटै समितिमा सदस्य हेरफेर गरेका छन् । बुधवारको प्रदेशसभा बैठकबाट समितिमा ६ सदस्य मनोनयन तथा हेरफेर भएको हो ।

सभामुख पाठकले नेपाली कांग्रेसका बहादुरसिं लामालाई प्रदेश मामिला समिति, रामकृष्ण चित्रकारलाई अर्थ तथा विकास समिति, पुकार महर्जनलाई सार्वजनिक लेखा समिति, उत्तम जोशी र तीर्थ लामालाई शिक्षा, स्वास्थ्य तथा कृषि समिति, मसिना खड्कालाई उद्योग, पर्यटन तथा वातावरण समितिमा मनोनयन गरिएको छ ।

उनीहरु ६ जना यसअघि समिति गठन हुँदा सरकारमा थिए । सरकारमा सहभागी मन्त्रीहरु समितिमा रहँदैनन् । सभामुख पाठकले अन्य समितिमा रहेका राप्रपाकी कुमारी तामाङ र कांग्रेसका प्रभात लामालाई प्रदेश मामिला समितिमा, एकीकृत समाजवादीकी ओमकुमारी श्रेष्ठ, राप्रपाका नुरज बज्राचार्य र कांग्रेसकी सुना परियार लाई अर्थ तथा विकास समितिमा हरेफेर गरेका छन् ।

यसैगरी, एकीकृत समाजवादीका बसन्त मानन्धर, राप्रपाका गिरबहादुर तामाङ, एमालेकी शुकुमाया तामाङ र कांग्रेसका श्रीराम लामिछानेलाई सार्वजनिक लेखा समितिमा, राप्रपाका राजु विष्ट तथा सुनिल केसी र कांग्रेसका सुरेश श्रेष्ठलाई शिक्षा, स्वास्थ्य तथा कृषि समितिमा र एकीकृत समाजवादीकी मायादेवी शर्मा, राप्रपाकी लक्ष्मी घिमिरे तथा धनेश्वरी प्रजापतिलाई उद्योग, पर्यटन तथा वातावरण समितिमा हेरफेर गरिएको प्रदेशसभा सचिवालयको अभिलेखमा छ ।

## हेटौंडामा 'द डिस्टिङग्विस्ड जेन्टलम्यान राइड' हुने

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/ पुरुषहरुमा हुने प्रोस्टेट क्यान्सरको बारेमा जानकारी दिने उद्देश्यले यही जेठ ५ गते हेटौंडामा द डिस्टिङग्विस्ड जेन्टलम्यान राइड (डिजिआर) हुने भएको छ ।

हेटौंडा इन्फिल्डर्स मकवानपुरले बिहीबार पत्रकार सम्मेलनको आयोजना गर्दै कार्यक्रम बारेमा जानकारी गराएको हो । विश्वमा चर्चित मानिएको यो राइड फ्रेन्ड्स अफ रोयल इन्फिन्ड (फोरे) सँगको समन्वयमा हेटौंडामा पहिलो पटक आयोजना हुन लागेको हेटौंडा इन्फिल्डर्स अध्यक्ष राजक शाहीले जानकारी दिए । राइडमा सहभागी राइडरलाई ड्रेस कोड नै तोकिएको उनले बताए ।



राइडरले फर्मल पार्टी वेयरमा राइड गर्नेछन् । हेटौंडा-४ स्थित सुत्र लन्जबाट सुरु हुने राइड भुटनदेवी मन्दिर दर्शन गरेर हेटौंडा बजार परिक्रमा गर्दै पुनः सुत्र लन्जमा आएर समापन हुने अध्यक्ष शाहीले बताए । राइडमा रोयल इन्फिल्ड, भेस्पालगायत क्लासिक बाइक राइडर्स सहभागी हुने आयोजकले बताएको छ ।

कार्यक्रममा एक सय भन्दा बढी राइडर सहभागी हुने आयोजकको अनुमान छ । कार्यक्रममा सहभागीलाई विभिन्न विधामा पुरस्कार समेत प्रदान गरिने बताइएको छ ।

पुरुषमा हुने प्रोस्टेट क्यान्सर र मानसिक स्वास्थ्यको बारेमा जनचेतना दिने उद्देश्यले मे १९ तारिखका दिन विश्वभर एक लाख राइडरले बाइक राइड गर्न लागेका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

## खाद्यप्रणाली समीक्षा तथा योजना तर्जुमा गोष्ठी

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/बागमती प्रदेशको राजधानी हेटौंडामा प्रादेशिक खाद्यप्रणाली समीक्षा तथा योजना तर्जुमा गोष्ठी आयोजना गरिएको छ ।

गोष्ठी राष्ट्रिय योजना आयोग, संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आयोजनामा भएको हो ।

गोष्ठीको बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री राजेन्द्रमान श्रेष्ठले उद्घाटन गरेका हुन् । खाद्यान्नमा आत्मनिर्भर बन्नका लागि कृषिउत्पादनमा जोड दिनुपर्ने मन्त्री श्रेष्ठले बताए ।

कार्यक्रममा मन्त्रालयका अधिकृत भरतप्रसाद बिडारीले खाद्यप्रणाली रुपान्तरणको पहल तथा बागमती प्रदेशमा चालु आर्थिक वर्षमा खाद्यप्रणाली रुपमान्तरणका कार्यक्रमको उपलब्धी तथा सिकाईका सम्बन्धमा प्रस्तुतीकरण गरेका थिए ।

विभिन्न समूहगत रुपमा छलफल गरी प्रस्तुतीकरण गरिएको थियो । कार्यक्रम प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव राजेन्द्र कोइरालाको अध्यक्षतामा भएको हो ।

## बिपन्न परिवारलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/नेपाल तरुण दल केन्द्रीयसदस्य गुरुप्रसाद दाहाल (गोपी) ले मनहरी गाउँपालिका-५ मा रहेको बिपन्न परिवारलाई सहयोग गरेका छन् ।

नेपाल तरुण दल केन्द्रीय समितिलाई केन्द्रीय कार्यालय भवन निर्माण गर्न २ लाख ५ हजार सहयोग गरेका दाहालले मकवानपुरको मनहरी गाउँपालिकाको बिपन्न परिवारलाई सुरक्षित बसोबासको लागि निर्माण सामग्री सिमेन्ट सहयोग गरेका हुन् । मनहरी गाउँपालिका-५ निवासी बिपन्न परिवार लालबहादुर गुरुङलाई १५ बोरा सिमेन्ट सहयोग गरेका हुन् । नेपाली कांग्रेस मनहरी गाउपालिका-५ वडासभापति बिष्णु प्रसाद उप्रेती, हेटौडा उपमहानगर पालिका-३ वडासदस्य रत्न गोले, तरुण दल मनहरी गाउपालिका-५ वडासभापति, नेपाली कांग्रेस वडाप्रतिनिधि शान्ता नेपाल, प्रतिमा भण्डारी लगायत स्थानीय समाजसेवीको रोहबरमा गुरुङलाइ घरमै पुगेर सहयोग गरिएको हो ।



गुरुङको घरपरिवार आरक्षको बन्यजन्तुबाट पीडित भएको पाइयो, त्यसैले घरलाइ सुरक्षित बनाउन सामान्य सहयोग गरेको दाहालले बताए । तरुण दल जनताको सुरक्षामा मात्र होइन समस्यामा पनि सधै साथमा रहने दाहालले बताएका छन् । नेपाली कांग्रेस मनहरी गाउँपालिका-५ वडासभापति उप्रेतीले बिपन्न परिवारलाइ तरुण नेताले गरेको सहयोगप्रति धन्यबाद दिए ।

Education is the real treasure
ADMISSIONS OPEN FOR 2081
From Nursery to Grade 9
Scholarships
a feature of socially responsible institution ....
Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats



25 Years of Excellence in Education
HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
Hurry Up !
Seats are limited
Book your seat on time
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

ड्राइभिङ सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरुः
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल
सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
के. के. ड्राइभिङ प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्कः ९८४५१७०४१५, ९८१७८२८६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# मन्त्रालय फुटाएरै जिम्मेवारी

बागमती प्रदेश सरकार स्थापना भएको साढे ६ वर्षमा चारपटक मन्त्रालय टुटफुट भएका छन् । मन्त्रालय फुटाउने र जोड्ने काम आम सर्वसाधारणका लागि भएको होइन । भागबण्डा मिलाउनका लागि मात्रै भएको हो । चारपटक मन्त्रालय फुटाउने र जुटाउने कार्यमा गठबन्धन टिकाउनु प्रमुख कारण हो । २०७४ मा प्रदेश स्थापना भएपछि पहिलो मुख्यमन्त्री डोरमणि पौडेलले ७ वटा मन्त्रालय बनाएका थिए । साढे ३ वर्ष सरकारमा बसेका उनले ७ वटै मन्त्रालयबाट सरकार चलाए । तत्कालीन नेकपा विभाजनपछि भने बागमतीमा मन्त्रालय टुटफुट चलिरहेको छ । बागमती प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले गठबन्धनमा भागवण्डा मिलाउन ८ वटा मन्त्रालय फुटाएर १४ वटाको जम्बो मन्त्रिपरिषद् गठन गरेका थिए । ११ कातिक २०७८ मा नयाँ गठबन्धनको नेतृत्व गर्दै गरेका पाण्डेले १५ मंसिरको मन्त्रिपरिषद् बैठकबाट निर्णय गराएका थिए । उनले एउटै मन्त्रालयलाई तीन टुक्रासमेत बनाएका थिए ।

तत्कालीन नेकपा विभाजनपछि भदौ २०७८ मा दुई महिना मुख्यमन्त्री बनेकी अष्टलक्ष्मी शाक्यले सामाजिक विकास मन्त्रालय फुटाएर स्वास्थ्य मन्त्रालय बनाएकी थिइन् । शाक्यले ७ वटा मन्त्रालयलाई स्वास्थ्य थप गरेर ८ पुर्‍याएकी थिइन् । एमालेको एकल सरकारमा उनले ४ जनालाई राज्यमन्त्री बनाएकी थिइन् । शाक्यले आफ्नो सरकार अल्पमतमा परेपछि १० कार्तिक २०७८ मा पदबाट राजीनामा दिइन् । पछिल्लोपटक मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मन्त्रालय विभाजन गरेका छन् । सामाजिक विकास मन्त्रालय फुटाएर युवा तथा खेलकुद मन्त्रालय बनाउने निर्णय बुधवार साँझ बसेको मन्त्रिपरिषद् बैठकले गरेको छ । बागमतीमा अब १३ सदस्यीय मन्त्रिपरिषद् बनेको छ । सामाजिक विकास मन्त्रालय नेकपा माओवादी केन्द्रकी कुमारी मोक्तानले सम्हाल्दै आएकी थिइन् । गत १९ चैतमा विनाविभागीय मन्त्री नियुक्त भएकी नेकपा (एकीकृत समाजवादी) की रमा आलेमगरलाई युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी दिने निर्णय मन्त्रिपरिषद्ले गरेको सरकारका प्रवक्ताले जानकारी दिए । मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत पाउन आलेमगरलाई बिनाविभागीय मन्त्री नियुक्त गरेका थिए । विश्वासको मतका लागि एक सांसदको समर्थन आवश्यक भएको अवस्थामा आलेमगर प्रदेशसभा बैठकमा अनुपस्थित भएपछि उनलाई मन्त्रीमा नियुक्त गरिएको थियो । जम्कट्टेलले डेढ वर्षको कार्यकालमा दुईपटक मन्त्रालय विभाजन गरे । यसअघि नेपाली कांग्रेस, एकीकृत समाजवादीसहितको सरकारमा कांग्रेसबाट रामकृष्ण चित्रकालाई जिम्मेवारी दिन मन्त्रालय विभाजन गरेका थिए । ७ जेठ २०७९ मा मन्त्रिपरिषद विस्तार गर्दा चित्रकारलाई विनाविभागी मन्त्री बनाइएको थियो । ५ भदौमा उनलाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी दिइएको थियो । त्यतिबेला पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय विभाजन गरेर थपिएको उद्योग तथा सामान्य प्रशासन मन्त्रालयको जिम्मा चित्रकारलाई दिइएको थियो ।

मुख्यमन्त्री जम्कट्टेलले १० माघ २०७९ मा मन्त्रालय संख्या घटाएर ११ वटा कायम गरेका थिए । त्यसअघिको १४ वटा मन्त्रालय रहेकोमा कम बजेट भएका र प्रभावकारी काम नदेखिएका ३ वटा मन्त्रालय कटौती गरिएको थियो । मुख्यमन्त्रीमा पदभार ग्रहण गर्दै मन्त्रालय संख्या घटाउन कार्यदल गठन गरेका थिए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तत्कालीन प्रमुखसचिव मुकुन्द निरौलाको संयोजकत्वमा रहेको कार्यदलले मुख्यमन्त्री जम्कट्टेललाई मन्त्रालय संख्या निर्धारण गर्न दुईवटा विकल्प दिएको थियो । कार्यदलले कम्तीमा ९ वटा र बढीमा ११ वटासम्म मन्त्रालालय राख्न सकिने विकल्प दिएको थियो । कार्यदलले ९ र ११ वटा मन्त्रालय हुँदा खर्च र आम्दानीको हिसाबसमेत प्रतिवेदनमा उल्लेख गरेको थियो । कार्यदलका अनुसार एउटा मन्त्रालयको वार्षिक खर्च ७३ लाख रुपैयाँ छ । ११ वटा मन्त्रालय बनाउँदा मसलन्दबाहेक तलब भत्तालगायतका खर्च वार्षिक साढे ८ करोड हुने कार्यदलको निष्कर्ष थियो । ९ वटा मन्त्रालय बनाउँदा वार्षिक साढे ६ करोड खर्च हुने कार्यदलले जनाएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ ५ गते शनिबार १८ मे २०२४ । दशमी, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१५, सूर्यास्त ६:४७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद बढ्न सक्नेछ | **तुला** | : शुभ समाचार सुन्न पाइनेछ |
| **वृष** | : उत्साह कम हुनेछ | **वृश्चिक** | : मान सम्मान पाउन सकिनेछ |
| **मिथुन** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | **धनु** | : मन खिन्न हुन सक्नेछ |
| **कर्कट** | : उदर-विकार हुन सक्नेछ | **मकर** | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| **सिंह** | : परिवारमा उन्नति हुनेछ | **कुम्भ** | : राजनीतिमा सफलता मिल्नेछ |
| **कन्या** | : काममा रोकावट आउन सक्नेछ | **मीन** | : काममा विलम्ब हुनेछ |

# आगामी बजेटले समेट्नुपर्ने कर सुधारका क्षेत्रहरू



डा. रूप खड्का

मुलुकको अर्थतन्त्र शिथिल भएको अवस्थामा आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट तर्जुमा हुँदैछ । व्यापार-व्यवसाय खस्किँदो अवस्थामा रहेको, बजारमा माग न्यून भएको, रोजगारी उच्च भएको, र मनोबल कम भएको अवस्थामा निर्माण गरिने बजेटले विस्तारित वित्तीय नीतिका माध्यमले उद्योगी, व्यापारी, व्यवसायी तथा उपभोक्ताको मनोबल बढाउनुपर्छ भन्ने सामान्य अन्तर्राष्ट्रिय मान्यता छ । त्यस किसिमको नीतिअन्तर्गत सरकारी खर्च बढाउने, करमा कटौती गर्ने वा यी दुवैको सम्मिश्रण अपनाउने गरिन्छ ।

विस्तारित वित्तीय नीतिका माध्यमले खासगरी विकास र निर्माण कार्यमा सरकारी खर्च वृद्धि गरिए त्यसबाट सिकर्मी, डकर्मी, ओभर सियर, इन्जिनियर, नर्स, डाक्टर, शिक्षक लगायत विभिन्न किसिमका रोजगारी वृद्धि हुन्छ र रोजगारी पाउनेको आय वृद्धि भई बजारमा विभिन्न वस्तु तथा सेवाको माग बढ्छ, जसले आर्थिक गतिविधि बढाउँछ ।

यसैगरी करमा कटौती गरिए उद्योगी, व्यापारी तथा व्यवसायीले बढी लगानी गर्न पाउने र उपभोक्ताले बजारमा बढी रकम खर्च गर्न सक्ने हुँदा आर्थिक गतिविधि बढ्न जान्छ । यसले बजार चलायमान हुन्छ र अर्थतन्त्र मन्दीबाट बाहिर निस्किन्छ ।

नेपालमा पनि अहिले अर्थतन्त्रमा आएको शिथिलता हटाउन र उद्योगी, व्यापारी तथा व्यवसायीको मनोबल उकास्न अन्तर्राष्ट्रिय सामान्य असल अभ्यास अनुसार सरकारको पूँजीगत खर्च बढाउन र कर घटाउनुपर्ने हुन्छ । सरकारी पूँजीगत खर्च बढाउन सर्वप्रथम त साधारण खर्च निर्ममतापूर्वक कटाएर वित्तीय स्थान (फिस्कल स्पेस) बढाउनुपर्ने हुन्छ भने विकास र निर्माण कार्य सञ्चालन गर्न केही मात्रामा सार्वजनिक ऋण लिनु पनि अनुपयुक्त हुँदैन ।

तर, नेपालमा वर्षेनि छुट्याइएको पूँजीगत खर्चको ठूलो अंश सही किसिमले समयमा खर्च नहुने र बजेट सक्ने हिसाबले असारे विकास गर्ने चलन रहको सन्दर्भमा ठूलो मात्रामा लिइने सार्वजनिक ऋणले वित्तीय अस्थिरता निम्त्याउने सम्भावनाबारे पनि सर्तक हुन अति आवश्यक छ ।

जहाँसम्म कर कटौतीको सवाल छ, राजस्व परिचालन समस्याग्रस्त भएका बेला आव २०८१/८२ को बजेटमा करका दरमा एकैपटक ठूलो कटौती गर्ने गुन्जायस देखिँदैन । करको दर होइन, आधार बढाएर राजस्व संकलन बढाइने छ भनेर लामो समदयदेखि भनिँदै आए पनि व्यवहारमा हालैका वर्षहरूमा करका दरको संख्या तथा तह दुवैमा वृद्धि गरिएको पाइन्छ ।

आव २०८१/८२ को बजेटले यस परम्परालाई उल्ट्याउनुपर्छ । यस बजेटले दीर्घकालीन हिसाबमा करको आधार विस्तार गरेर करका दरको संख्या तथा तह कम गर्दै जाने संकेत दिनुपर्छ र दोस्रो पुस्ताको कर सुधार कार्यक्रम लागु गरेर विस्तृत आधार र मध्यम स्तरका थोरै दर भएको प्रशासनिक हिसाबले सरल, आर्थिक हिसाबले सक्षम, सामाजिक हिसाबले समान र राजस्व परिचालनका हिसाबले उत्पादक तथा लचक कर प्रणाली स्थापना गरिने छ भन्ने सन्देश दिनुपर्छ ।

### प्रथम पुस्ताको कर सुधार

नेपालले सन् १९९० दशकको उत्तरार्द्धमा प्रथम पुस्ताको व्यापक कर सुधार कार्यक्रम लागु गरेको थियो । यसअन्तर्गत एउटै आधारमा विभिन्न नामले विभिन्न कर लगाउनुको सट्टा विस्तृत आधार भएका थोरै कर लगाउने, करको आधार विस्तार गर्ने, करका दरको संख्या तथा तह कम गर्ने र कर प्रशासनको संगठनात्मक स्वरूप तथा कर्मचारी व्यवस्थालाई आधुनिकीकरण गरेर कर प्रणालीलाई सही र प्रभावकारी रूपमा लागु गर्ने कुरामा जोड दिएको थियो ।

प्रथम पुस्ताको कर सुधार अनुसार साविकको ठेक्का कर, बिक्री कर, मनोरञ्जन कर र होटल करको सट्टा सीमित छुट तथा १० प्रतिशतको एकल दर भएको मूल्य अभिवृद्धि कर (भ्याट) लागु गरिएको थियो भने यसअन्तर्गत वस्तु तथा सेवा दुवैका लागि २० लाख रुपैयाँको एउटै दर्ता सीमा कायम गरिएको थियो ।

यसैगरी साविकमा मुलुकभित्रको उत्पादनमा मात्र कर लगाउने परम्परागत व्यवस्थाको सट्टा मुलुकभित्र उत्पादन हुने र विदेशबाट पैठारी गरिने दुवै थरीका वस्तुमा कर लाग्ने आधुनिक अन्त:शुल्क व्यवस्था अपनाइएको थियो भने पाँच दर्जनभन्दा बढी वस्तुमा लागेको अन्त:शुल्कको सट्टा यस करको सिद्धान्त तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार अन्त:शुल्कको दायरा ११ वस्तुमा सीमित गरिएको थियो ।

भन्सार महसुलमा विगतमा १ देखि ४ सय ६७ प्रतिशतसम्मका ३ सयभन्दा बढी दर कायम भएकोमा ती दरको संख्या तथा तहमा व्यापक रूपमा कटौती गरेर आव २०६०/६१ सम्म आइपुग्दा भन्सार महसुलका ६ वटा दर (५, १०, १५, २५, ४० र ८० प्रतिशत) मात्र कायम गरिएका थिए । यसैगरी आयकरका दर को संख्या तथा तह दुवैमा कटौती गरेर व्यक्तिगत आयकर १५ र २५ प्रतिशतका दुई दरले र संस्थागत आयकर बैंक तथा वित्तीय संस्थाको आयमा ३० प्रतिशत र अन्यको आयमा २५ प्रतिशतले लाग्ने व्यवस्था गरिएको थियो ।

यसैगरी राजस्व प्रशासन आधुनिकीकरण गर्न यस प्रशासन अन्तर्गतका विभिन्न निकायलाई एकीकरण गर्ने, राजस्वका विभाग तथा कार्यालयहरूको संगठनात्मक स्वरूप कार्यमूलक बनाउने, कर दाताको स्तरअनुसार कार्यालयहरूको व्यवस्था गर्ने, राजस्व प्रशासन कम्प्युटराइज गर्ने, कर्मचारीको क्षमता वृद्धि गर्ने र करदातालाई प्रशिक्षित गर्नेजस्ता विभिन्न सुधार कार्य गरिएका थिए ।

यसरी कर प्रणाली तथा कर प्रशासनमा गरिएका सुधारको फलस्वरूप राजस्व संकलन झन्डै अढाइ दशकसम्म औसत वर्षेनि १८ प्रतिशत हाराहारी वृद्धि भएको थियो भने कर राजस्व र कुल गार्हस्थ उत्पादन (जीडीपी) अनुपात २० प्रतिशत जति पुगेको थियो, जुन हाम्रो जस्तो अर्थतन्त्र भएका मुलुकको तुलनामा निकै उत्साहजनक हो ।

नेपालको प्रथम पुस्ताको कर सुधार अन्तर्राष्ट्रिय जगतमा नेपालीले नै तर्जुमा गरेको (होमग्रोन) सफल कर सुधार भनेर चिनिएको थियो, जसको परिणाम स्वरूप नेपालमा दक्षिण एसियामै एउटा नमुना कर प्रणाली स्थापना भएको थियो । त्यतिखेर नेपालको कर प्रशासनबाट अन्तर्राष्ट्रिय मुद्रा कोष आदिले अन्तर्राष्ट्रिय स्तरमा आयोजना गर्ने प्रशिक्षण, गोष्ठीहरूमा प्रशिक्षकहरूले दक्षिण एसियाका अन्य मुलुकको कर प्रशासकहरूलाई नेपालको कर सुधारबाट पाठ सिक्नुपर्ने भन्ने गरेको बेहोरा ती कार्यक्रममा हाम्रो राजस्व प्रशासनबाट सहभागी हुने आन्तरिक राजस्व विभागका पूर्वउपमहानिर्देशक राममणि दुवाडी लगायत साथीहरूले सुनाउने गर्नुहुन्थ्यो ।

### थप कर सुधार आवश्यकता

तर, केही वर्षहरूमा हाम्रो कर प्रणालीमा हचुवाका आधारमा विभिन्न परिवर्तन गरिएका छन । उदाहरणका लागि भ्याट कर अन्तर्गत कर छुट दिएका वस्तु तथा सेवा संख्या उल्लेख्य वृद्धि गरिएको, सरकारी तथा सुरक्षा निकायको पैठारी तथा खरिदमा कर छुट दिएको, विदेशी सहायता अन्तर्गत सञ्चालित आयोजनाले पैठारी गर्ने मेसिनरी, उपकरण तथा अन्य सामग्रीमा कर छुट दिइएको र नेपाल सरकारका विभिन्न निकायको सिफारिसका आधारमा कर छुट दिने व्यवस्था गरिएको थियो ।

यसैगरी दर्ता सीमा वस्तुका लागि ५० लाख र सेवाका लागि २० लाख कायम गरिएको थियो । यसका साथै वस्तु तथा सेवामा सीमित वस्तुमा अन्त:शुल्क बाहेक भ्याटमात्र लगाउने अन्तर्राष्ट्रिय असल अभ्यास विपरीत विलासिता शुल्क, वैदेशिक पर्यटन शुल्क, पूर्वाधार कर, प्रदूषण नियन्त्रण शुल्क आदि नामका दर्जनौं साना मसिना वस्तुगत कर लागु गरिएका छन् भने अन्तर्राष्ट्रिय हवाई टिकटमा पनि भ्याट लगाइएको छ ।

यसैगरी अन्त:शुल्क लाग्ने वस्तुहरूको संख्यामा उल्लेखनीय वृद्धि गरिएकाले यो कर 'मिनि भन्सार' जस्तो भएको छ भने अधिकांश वस्तुबाट नाम मात्रको राजस्व संकलन हुने गरेको छ । भन्सार महसुल दरको संख्यामा अत्यधिक वृद्धि गरेर सार्क मुलुकबाट पैठारी गरिने वस्तुमा डेढ दर्जन र अन्य मुलुकबाट पैठारी गरिने वस्तुमा एक दर्जन जति भन्सार दर कायम गरिएका छन् । यस करलाई आर्थिक तथा प्रशासनिक हिसाबले अक्षम बनाइएको छ । अन्त:शुल्क तथा भन्सारका दरहरूको संख्यामा भारी वृद्धि गरिए पछि बजेट निर्माण गर्ने समयमा यी दुवै करका दरहरूमा अनेक चलखेल हुन सक्ने सम्भावना बढेको छ ।

आयकर व्यवस्था पनि जटिल तथा अक्षम बनाइएको छ । उदाहरणका लागि व्यक्तिगत आयकरका दरहरूको सख्या तथा तह दुवैमा वृद्धि गरिएकाले हाल यो कर पारिश्रमिक आयको पहिलो स्ल्याबमा सामाजिक सुरक्षा करको नामले एक प्रतिशतको 'मिनी आयकर' लगाइएको छ भने त्यसमाथिको आयमा १०, २०, ३०, ३६ र ३९ प्रतिशतका दरले कर लगाइएकाले नेपालको व्यक्तिगत आयकर दक्षिण एसियाली मुलुकमा सबैभन्दा उच्च भएको छ ।

यसैगरी संस्थागत आयकरको दर बैंक तथा वित्तीय संस्था, सामान्य बीमा व्यवसाय लगायत केही व्यवसायका लागि ३० प्रतिशत र अन्यका लागि २५ प्रतिशत कायम गरिएको छ । अर्कातर्फ, सहकारी संस्थाको आयमा ठाउँअनुसार ५, ७ वा १० प्रतिशतले समानान्तर कर लगाइएको छ । यस करअन्तर्गत कतिपय उद्योग-व्यवसायलाई तिनीहरूको प्रकृति हेरेर ५, ७, १०, १५ वर्षसम्म आयकर छुट दिइएकाले संस्थागत आयकरका अनगिन्ती प्रभावकारी दर कायम भई यो कर आर्थिक दृष्टिकोणले अक्षम र प्रशासनिक हिसाबले जटिल भएको छ ।

अर्कातर्फ, विश्वमा अन्तर्राष्ट्रिय कर प्रणालीमा हालैका वर्षहरूमा गरिएका सुधार अनुसार हाम्रो आयकर ऐन तथा विभिन्न मुलुकसँग गरिएका सन्धिमा समसामयिक सुधार नभएकाले नेपालले ठूलो मात्रामा राजस्व गुमाउन सक्ने सम्भावना छ ।

यसरी हालैका वर्षहरूमा कर प्रणालीमा हचुवाका आधारमा गरिएका परिवर्तनले कर प्रणाली अनावश्यक रूपमा जटिल भई यसले करदाताको कर अनुपालन लागत र कर प्रशासनको कर संकलन खर्च बढाएको छ, करदाता तथा राजस्व प्रशासनबीच मिलेमतो भई वा नभई राजस्व चुहावट हुने सम्भावना बढाएको छ, प्रभावशाली व्यक्ति तथा बिचौलियाको दबाब र प्रलोभनका आधारमा कसैलाई नाजायज लाभ पुग्ने अवस्था सिर्जना भएको छ र कर प्रणाली आर्थिक हिसाबले अक्षम भएको छ ।

अर्कातर्फ, मध्यम स्तरका करका थोरै दर भएको अवस्थामा राजस्व औसतमा वर्षेनि १८ प्रतिशतको उत्साहजनक दरले वृद्धि भएकोमा हालैका वर्षहरूमा राजस्व संकलनमा भएको वृद्धि निराशाजनक छ । यसले नेपालमा दोस्रो पुस्ताको कर सुधार गर्नुपर्ने आवश्यकता औंल्याएको छ ।

### दोस्रो पुस्ताको कर सुधार

दोस्रो पुस्ताको कर सुधार कार्यक्रम लागु गरेर हाम्रो कर प्रणालीको संरचना तथा सञ्चालन प्रक्रिया सुधार्न आवश्यक छ । कर सुधार गर्ने क्रममा २०७१ सालमा नेपाल सरकारले मेरो अध्यक्षतामा गठन गरेको उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगले सुझाव संकलन गर्ने क्रममा विभिन्न सरोकारवालासँग अन्तर्क्रिया गर्दा कतिपय कर प्रशासक तथा करदाताले नयाँ सुधार गर्न नसकिए पनि प्रथम पुस्ताको कर सुधारको फलस्वरूप स्थापना भएको कर प्रणालीमा हालैका वर्षहरूमा निम्त्याइएका विचलन उल्टाए मात्रै पनि हाम्रो कर प्रणालीमा ठूलो सुधार हुनेछ भन्नुभएको थियो । त्यसपछि अन्तर्राष्ट्रिय जगतमा कर प्रणालीमा लागु गरिएका सुधार र हाम्रो आफ्नै आवश्यकताका आधारमा थप कर सुधार गर्न आवश्यक भएको छ । यस सन्दर्भमा सम्भावित कर सुधारका क्षेत्र तल औंल्याइएका छन् :

### मूल्य अभिवृद्धि कर (भ्याट)

मूल्य अभिवृद्धि कर (भ्याट) सुधार गर्ने सन्दर्भमा चालु आव २०८०/८१ मा विभिन्न छुट खारेज गरेर करको आधार विस्तार गर्ने, छुट भएका वस्तु उत्पादन गरी निकासी गर्ने उद्योगले कच्चापदार्थ खरिदमा तिरेको कर फिर्ता दिने, वार्षिक १ करोडसम्मको कारोबार हुने कर दाताले मासिकको सट्टा चार महिनाको एकपटक कर विवरण बुझाउने र कर तिर्नेजस्ता महत्वपूर्ण सुधार गरिएका थिए र आगामी वर्षहरूमा यस अभियानलाई अगाडि बढाउँदै जानुपर्छ ।

भ्याट सुधार गर्ने क्रममा विभिन्न वस्तु तथा सेवामा दिइएको कर छुट हटाउँदै गई तीन-चार वर्षभित्र प्रशासनिक हिसाबले कर लगाउन नसकिने एक दर्जनभन्दा कम वस्तु तथा सेवालाई मात्र कर छुट दिने व्यवस्था गर्नुपर्छ । यसैगरी विदेशी सहायता अन्तर्गत सञ्चालित आयोजनाले पैठारी गर्ने मेसिनरी, उपकरण तथा अन्य सामग्रीलाई कर छुट दिने व्यवस्थाको सट्टा कर फिर्ता गर्ने व्यवस्था गर्नुपर्छ । साथै, नेपाल सरकारका विभिन्न निकायको सिफारिसका आधार मा भ्याट छुट दिने व्यवस्था अन्त्य गर्नुपर्छ र छुट दिनैपर्ने वस्तु तथा सेवालाई कर छुटको सूचीमा समावेश गर्नुपर्छ ।

करदाताले खरिद वा पैठारीमा तिरेको कर बिक्रीमा असुल गरेको करभन्दा बढी भए बढी भएको रकम तुरुन्त फिर्ता दिने वा अन्य करको दायित्वसँग मिलान गर्न पाउने व्यवस्था गरिनुपर्छ । वस्तु तथा सेवाका लागि छुट्टाछुट्टै दर्ता सीमा कायम गर्ने व्यवस्थाको सट्टा एउटै दर्ता सीमा तोकिनुपर्छ । वस्तु र सेवामा सीमित वस्तुमा अन्त:शुल्क लगाउने बाहेक भ्याटमात्र लगाउनुपर्छ र वस्तु तथा सेवामा लागेको अन्य सानामसिना कर खारेज गर्दै जानुपर्छ । अन्तर्राष्ट्रिय हवाई टिकटमा भ्याटको सट्टा अन्य विभिन्न मुलुकमा झैं निश्चित रकमको प्रस्थान कर लगाइनुपर्छ र यो कर हवाई टिकट खरिद गर्दा वा हवाई यात्रा गर्ने समयमा विमानस्थलमा संकलन गर्ने व्यवस्था गरिनुपर्छ ।

### अन्त:शुल्क

अन्त:शुल्कको सिद्धान्त तथा अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार यस करलाई सीमित वस्तुमा लगाउने उद्देश्यले चालु आव केही वस्तुमा लागेको अन्त:शुल्क खारेज गरिएको थियो र यही नीति अनुरूप आगामी आव २०८१/८२ मा राजस्व संकलनका हिसाबले महत्तवपूर्ण नभएका अन्य कतिपय वस्तुमा लागेको अन्त:शुल्क खारेज गरिनुपर्छ । त्यसपछिका वर्षहरूमा पनि अन्त:शुल्क लाग्ने वस्तु संख्या कम गर्दै लगेर अन्त्यमा यो कर स्वास्थ्यका लागि हानिकारक वस्तु, वातावरण बिगार्ने वस्तु, उभोक्ता बाहेक अन्य व्यक्तिमा पनि नकारात्मक असर पार्ने तथा समाजिक लागत बढाउने वस्तुमा मात्र सीमित गर्ने नीति अपनाइनुपर्छ ।

सुर्तीजन्य वस्तु प्रयोगले त्यसका उपभोक्तामात्र नभई अन्यलाई पनि क्यान्सर लाग्न सक्ने र त्यसको उपचार व्यवस्था गर्न सार्वजनिक क्षेत्रले ठूलो लगानी गर्नुपर्ने भएकाले ती वस्तुमा चर्को कर लगाउनुपर्ने विश्व स्वास्थ्य संगठन लगायतका विभिन्न संस्थाको मार्गदर्शन हुनुका साथै अन्तर्राष्ट्रिय जगतमा सहमति कायम भएको छ । यही मान्यताका आधारमा यी वस्तुमा विभिन्न मुलुकमा उच्च दरले कर लगाइएको भए पनि नेपालमा ती वस्तुमा अन्त:शुल्कको भार कम भएकाले अन्त:शुल्कको दर बढाउनुपर्छ । यसैगरी अन्त:शुल्क लाग्ने वस्तुको चोरी पैठारी तथा उत्पादन रोक्नु, नक्कली वस्तुको बिगबिगी कम गर्न, राजस्व चुहावट नियन्त्रण गर्न र नक्कली स्टिकर प्रयोग रोक्न 'ट्रेस एन्ड ट्र्याक' प्रणाली लागु गरिनुपर्छ ।

### भन्सार महसुल

विश्वव्यापीकरणका सन्दर्भमा अन्तर्राष्ट्रिय व्यापार सहजीकरण गर्न संसारका विभिन्न मुलुकले भन्सार महसुल दरको संख्या तथा तहमा भारी कटौती गरेअनुसार नेपालले पनि सन् १९९० को दशकमा भन्सार महसुलका दरको संख्या तथा तहमा व्यापक रूपमा कटौती गरेको थियो र भन्सार कानुन आधुनिकीकरण गरेर अन्तर्राष्ट्रिय स्तरको बनाएको थियो । त्यो मान्यता अहिले पनि त्यत्तिकै सान्दर्भिक तथा आवश्यक भएकाले भन्सार महसुलका डेढ दर्जन जति दरको संख्या घटाएर आधा दर्जनभन्दा कम गरिनुपर्छ ।

### आयकर

आयकर सुधार गर्ने सन्दर्भमा यो कर सबै किसिमको आयमा समान किसिमले लगाउने र करलाई तेर्सो (होराइजोन्टल) र ठाडो (भर्टिकल) रूपमा समान बनाउने प्रयास गरिनुपर्छ । यस सन्दर्भमा सबै किसिमको आय आर्जन गर्ने गतिविधिलाई करको दायरामा ल्याएर कर तिर्ने क्षमता अनुसार करलाई न्यायिक रूपमा लागु गरिनुपर्छ । हाल लगानी र व्यवसाय आयको तुलनामा पारिश्रमिक आयमा कानुनी तथा व्यावहारिक दुवै हिसाबले करको भार बढी लाग्न गएको छ ।

पारिश्रमिक आयको पहिलो स्ल्याबमा लागेको एक प्रतिशतको आयकरले पारिश्रमिक आयमा करको भार झनै बढी भएकाले यसलाई खारेज गरिनुपर्छ । यस करलाई एकैपटक खारेज गर्दा राजस्व संकलनमा पर्न सक्ने नकारात्मक असर कम गर्न हरेक वर्ष ०.२५ प्रतिशत) का दरले चार वर्षभित्र पूर्णरूपमा खारेज गर्ने नीति अवलम्बन गर्न सकिन्छ र रोजगारी आयमा व्यक्तिगत आयकर बाहेक सामाजिक सुरक्षा कर वा यस्तै अन्य कुनै नामले अरू कुनै कर लगाइनु हुँदैन ।

नेपालको व्यक्तिगत आयकर दक्षिण एसियामा सबैभन्दा उच्च भएकाले यसको पुनरावलोकन गरिनुपर्छ । करको दर दुई-चार प्रतिशतले तलमाथि हुँदा आकासै खस्ने नभए पनि भारत, पाकिस्तान, बंगलादेश जस्ता ठूला मुलुकभन्दा नेपालको आयकरको दर बढी हुनु र नेपालको आयकर दक्षिण एसियामा सबैभन्दा उच्च छ भन्ने 'ट्याग' लाग्नु लगानीकर्ताको मनोवैज्ञाकि हिसाबले राम्रो नहुने भएकाले हाम्रो व्यक्तिगत आयकर छिमेकी तथा प्रतिस्पर्धी मुलुकको आयकरको तुलनामा बढी नहुने गरेर लगाइनुपर्छ ।

संस्थागत आयकरका दरको संरचनामा सुधार गरेर सबै किसिमको आयमा समान किसिमले मध्यम स्तरको दर लागु गरिनुपर्छ र हालैका वर्षहरूमा अन्तर्राष्ट्रिय करमा गरिएका सुधार अनुसार हाम्रो आयकर ऐन तथा कर सन्धिहरूमा समसामयिक सुधार गरिनुपर्छ ।

### अन्त्यमा,

करको आधार विस्तार गरेर न्यून वा मध्यम स्तरका करका सीमित दरहरूबाट राजस्व परिचालन बढाउनुपर्छ भन्ने सार्वजनिक वित्त शास्त्रको वर्तमान मूल मान्यता हो । यही मान्यता अनुसार नेपालमा पनि प्रथम पुस्ताको कर सुधारको परिणाम स्वरूप विस्तृत आधार र मध्यम स्तरका थोरै दर भएको राम्रो कर प्रणाली स्थापना भएको थियो र त्यसबाट झन्डै अढाइ दशकसम्म राजस्व संकलन उल्लेखनीय रूपमा वृद्धि भएको थियो ।

तर, हालैका वर्षहरूमा विभिन्न साना मसिना कर लागु गर्नुका साथै विद्यमान करका दरको संख्या तथा तहमा उल्लेखनीय वृद्धि गरिएकाले हाम्रो कर प्रणाली प्रशासनिक हिसाबले जटिल, आर्थिक हिसाबले अक्षम र सामाजिक हिसाबले असमान भएको छ भने राजस्व संकलन बढाउन पनि चुनौतीपूर्ण हुँदै गएको छ ।

यसैले दोस्रो पुस्ताको कर सुधार लागु गरेर एउटै आधारमा लगाएका विभिन्न सानामसिना कर खारेज गरेर विस्तृत आधार भएका सीमित कर लगाउने र ती करका दरको संख्या सीमित र तह न्यून राखेर कर प्रणालीलाई प्रशासनिक हिसाबले सरल, आर्थिक हिसाबले सक्षम, सामाजिक हिसाबले न्यायिक, सुशासनको हिसाबले पारदर्शी र राजस्व संकलनको हिसाबले लचक तथा उत्पादक बनाइनुपर्छ । यस्तो कर प्रणालीबाट न्यूनतम लागतमा मुलुकको विकासका लागि अधिकतम राजस्व परिचालन गर्न सम्भव हुन्छ ।

यस किसमको कर प्रणाली सही र प्रभावकारी रूपमा लागु गर्न भारत, पाकिस्तान तथा बंगलादेशमा जस्तो सार्वजनिक प्रशासन अन्तर्गत राजस्व बोर्डको अवधारणा लागु गरेर राजस्व प्रशासनलाई सबल, सक्षम, उत्प्रेरित तथा व्यावसायिक बनाइनुपर्छ ।

यसको फलस्वरूप मुलुकमा लगानी तथा व्यावसायमैत्री दिगो राजस्व प्रणाली विकास हुँदै जाने छ र कर प्रणालीबाट अर्थतन्त्रमा सिर्जना हुने आर्थिक, अनुपालन तथा प्रशासनिक लागत कम हुँदै गई कर प्रणाली आर्थिक विकास उन्मुख हुँदै जाने छ ।

*(साभार: अनलाइनखबर)*

# सभामुखको बलजफ्तीले संसदमा धकेलाधकेल

काठमाडौं/बिहीबार प्रतिनिधि सभा बैठकमा कांग्रेस र एमालेका सांसदहरुबीच धकेलाधकेल भएको छ । यसले सहमतिका लागि भइरहेको सम्वाद बिथालेको छ भने संसदको गतिरोध तत्काल नहट्ने संकेत देखिएको छ ।

सहकारीको रकम अपचलनमा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने संलग्नबारे छानबिनका लागि संसदीय समिति गठनबारे भएको वार्ता सहमतिमा पुग्न नसकेपछि प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले बिहीबार पनि वेल घेराउ गऱ्यो ।



यसअघिका बैठकमा झैं कांग्रेस सांसदहरुले नाराबाजी गरे । सभामुख घिमिरेले पनि गर्नैपर्ने कामहरु बाँकी रहेको भन्दै सांसदहरुलाई आफ्नो स्थानमा बस्न आग्रह गरे ।

अघिल्ला बैठकमा अरुमा यसरी आग्रह गर्दा नाराबाजी नरोकेपछि बैठक स्थगित हुन्थ्यो । बिहीबार सभामुखले नाराबाजीका बीच संसदको कारबाही अगाडि बढाए । विपक्षी बेञ्चमा रहेका राप्रपा र लोसपाका सांसदहरु उठेर विरोध गरे, तर रोकिएनन् । उनले विधेयक प्रमाणीकरणसम्बन्धी राष्ट्रपति कार्यालयबाट प्राप्त पत्र पढेर सुनाए ।

वेलमा रहेका कांग्रेस सांसदहरुले सभामुखतर्फ प्रश्न गर्दै चर्को नाराबाजी गरे । सभामुख पनि चर्को स्वरमै राष्ट्रपति कार्यालयबाट आएको अर्को पत्र सुनिने गरी वाचन गर्न थाले । कांग्रेस सांसदहरुले चर्को नाराबाजी गरेपछि केहीबेर रोकिए ।

सभामुख फेरि अगाडि बढे । उनले राष्ट्रपति कार्यालयबाट प्राप्त भएको मन्त्रिपरिषद हेरफेर सम्बन्धी पत्र वाचन गरे । लगत्तै उपप्रधानमन्त्री तथा गृहमन्त्रीले बोल्न समय मागेको र बोल्न दिनुपर्छ भन्ने आवाज उठेको भन्दै समय दिए ।

सभामुखले समय दिइसक्दा नसक्दै कांग्रेस सांसदहरु गृहमन्त्रीलाई रोक्न लागे भने सत्तारुढ सांसदहरु आ-आफ्नो स्थानमा उभिएर बोल्न दिनुपर्छ भनेर हुटिङ गरे ।

यसले संसदमा तनाव बढायो । गृहमन्त्रीलाई छेक्न कांग्रेसका सांसद धनराज गुरुङ सत्तापक्षको बेन्च नजिक पुगे । 'संसदीय छानबिन समिति गठन गर' भनेर नारा लगाइरहे । छेउमा रहेको एमाले अध्यक्ष केपी शर्मा ओली पनि आफ्नो सिटबाट उठेर 'तपाईं यहाँ उभिने होइन, हट्नुस्' धनराजतर्फ अघि सरे ।

कांग्रेस उपसभापति गुरुङले पनि ओलीतिर फर्किएर चर्को स्वरमा नारा लगाइरहे । 'उहाँले 'तपाईं यहाँ उभिने होइन, हट्नुस्' भन्नुभयो । मैले उहाँको प्रतिवाद गरिनँ, नाराबाजी भने गरिरहें', गुरुङले संचारकर्मीसँग भने ।

ओली र गुरुङ मुखामुख भएपछि कांग्रेस र एमाले वेलमै आमुन्नेसामुन्ने भए । एमाले सांसदहरु कांग्रेस सांसदहरुलाई धकेल्दै गृहमन्त्री लामिछानेलाई रोष्ट्रम जाने बाटो खाली गराउन खोज्दै थिए । कांग्रेस सांसदहरु गृहमन्त्री लामिछानेलाई बाटो नदिन लागे । त्यसक्रममा दुवै दलका सांसदहरुबीच धकेलाधकेल भयो ।

सत्तारुढ र विपक्षी सांसदहरुबीच धकेलाधकेल हुँदा सभामुखले गृहमन्त्रीलाई बस्न आग्रह गरे । अनि कार्यसूचीमा रहेका सबै विषय हटाएर संसद बैठक स्थगित गरे ।

कांग्रेस महामन्त्री गगन थापा सभामुखकै कारण बिहीबार प्रतिनिधि सभाको दृश्य अनपेक्षित हुन पुगेको बताउँछन् । 'आज सदनभित्र जे अप्रिय स्थितिको सिर्जना भयो यसको मूल जिम्मेवारी सम्मानीय सभामुखले लिनुपर्छ' थापा भन्छन्, 'सदनमा जबरजस्ती बैठकलाई कार्यसूचीमा प्रवेश गराएपछि भएको एक प्रकारको अप्रिय, अनपेक्षित स्थिति सिर्जना गर्ने कामको मूल जिम्मेवारी सभामुखले लिनुपर्छ ।'

उनका अनुसार सहमतिको प्रयास भइरहेकाले बिहीबारको प्रतिनिधिसभा बैठक नै स्थगित गर्न कांग्रेसले आग्रह गरेको थियो । तर सभामुखले घिमिरेले एउटा पार्टीको आदेश पालकको रुपमा देखिएको उनको गम्भीर आरोप छ ।

एमाले अध्यक्ष ओलीले बुधबार कांग्रेसको अवरोधका बाबजुद संसद चल्छ भनेको स्मरण गर्दै उनले भनले भने, 'सम्माननीय सभामुख एउटा पार्टीको नेताको आदेश पालकको रुपमा उहाँको भूमिका यसरी रहने कुरा हाम्रा लागि दुःखको विषय हो ।'

त्यसपछि एमाले अध्यक्ष ओलीले वातावरणलाई बिगार्ने प्रयास गरेको उनको आरोप छ । नाराबाजी गरिरहेका कांग्रेस उपसभापति धनराज गुरुङलाई एमाले अध्यक्ष ओलीले हप्काउन खोजेको भन्दै उनले भने, 'सत्तापक्षको प्रमुख दलको प्रमुख नेताले जसरी त्यहाँभित्र वातावरण बिगार्ने प्रयास गर्नुभयो, एउटा अप्रिय स्थिति सिर्जना होस् भन्ने खालको पर्यास गर्नुभयो । यो आफैंमा खेदजन्य छ ।'

'एमाले सांसदहरुलाई हप्काउने, उठबस गराउने अधिकार उहाँले राख्नुहुन्छ होला । उहाँका सम्बन्ध पनि त्यस्तै होला । तर कांग्रेस पार्टीका बारेमा त्यो नसोच्नुहोला । कांग्रेस सांसदका बारेमा त्यो नसोच्नुहोला । हामी तपाईंका कार्यकर्ता होइनौं ।'

सत्तारुढ नेताहरु भने कांग्रेस उपसभापति गुरुङ सत्ता पक्षको लहरमा जानु गलत भएको बताउँछन् । कांग्रेस सांसद गुरुङले उपसभामुखको कुर्सी अगाडि आएर असंसदीय व्यवहार गरेको भन्दै एमाले प्रमुख सचेतक महेश बर्तौलाले भने, 'हाम्रा संसदीय दलका नेतामाथि अपमानजक व्यवहार गर्नुभयो । आगामी दिनमा यस्ता असंसदीय गतिविधि नगर्न कांग्रेसलाई सचेत गर्न चाहन्छु ।'

माओवादी सांसद माधव सापकोटा पनि यसमा कांग्रेसले माफी माग्नुपर्ने बताउँछन् । 'मर्यादालाई भुलेर जे गर्नुभयो, त्यो राम्रो भएन' संसद बैठकपछि उनले सञ्चार कर्मीहरुसँग भने, 'कांग्रेसका सिनियर नेताहरुबाट जे क्रियाकलाप भयो, यसमा क्षमा मागेर आइन्दा संसदलाई शोभनीय बनाउँछौं भनेर कमिटमेन्ट गर्नुपर्छ ।'

पूर्वमन्त्री समेत रहेका कांग्रेस उपसभापति गुरुङ भने आफू कोरिडोरसम्म मात्र पुगेको दाबी गर्छन् । 'म सत्ता पक्षको रोमा गएको छैन, जान पनि मिल्दैन' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

## 'पूजार सार्की'मा काम गरेपछि परीक्षाको अनुभव-

# 'अन्तरजातीय प्रेम गाह्रो हुने रैछ'

काठमाडौं/अभिनयको हिसाबले अभिनेत्री परीक्षा लिम्बूको तेस्रो फिल्म हो, 'पूजार सार्की' । यसअघि उनले 'जारी' र 'छक्का पञ्जा'मा सहायक भूमिकामा काम गरेकी थिइन् । यी दुई फिल्म व्यावसायिक रुपमा सफल भए पनि उनी दर्शकको ठूलो वर्गमा भने चिनिन सकेकी थिइनन् । अब 'पूजार सार्की'बाट उनलाई ठूलो अपेक्षा छ । यसमा उनले अभिनेता प्रदीप खड्काको जोडी भएर काम गरेकी छन् ।



फिल्मको ट्रेलर सार्वजनिक भएपछि उनी दर्शक र फिल्मकर्मीहरुको नजरमा परेकी छन् । उनलाई सम्भावना बोकेको अभिनेत्रीको रुपमा हेर्न थालिएको छ । यो फिल्ममा उनी अडिसनबाट छानिएकी हुन् । निर्माण टिमले 'मंगोलियन लुक्स'की युवती खोजिरहेको जानकारी पाएपछि उनले एउटा भिडियो पठाएकी रहेछिन् । फिल्ममा अनुबन्धित हुँदासम्म उनले ६ वटा भिडियो पठाएकी थिइन् ।

उनी सम्झन्छिन्, 'अभिनयको भिडियो पठाइरहँदा मलाई कास्की जिल्लाको कास्कीकोट क्षेत्रको स्थानीय लवजमा भाषा बोल्न गाह्रो भएको थियो । फिल्ममा काम गर्ने कि नगर्ने भन्नेमै अन्योलमा थिएँ । फिल्मको टिमले भाषामा 'प्राक्टिस' गराएपछि मलाई पनि आँट आयो ।' फिल्मका लागि जरुरी हुने भाषा र चरित्र निर्माणमा मिहिनेत गरेपछि फिल्ममा आफू छनोट भएको परीक्षा स्मरण गर्छिन् ।

उनी प्रदीपबाट आफूले धेरै कुरा सिक्न पाएको पनि अनुभव सुनाउँछिन् । 'मैले प्रदीपजीबाट धेरै कुरा पाएँ । उहाँ कसरी काम हुन्छ र कसरी क्यारेक्टरमा बस्नुहुँदो रहेछ भन्ने कुरा नजिकबाट थाहा पाएँ । व्यक्तिगत रुपमा उहाँ सहयोगी हुनुहुँदो रहेछ', उनले भनिन् । फिल्ममा आर्यन सिग्देल र पल शाह पनि मुख्य भूमिकामा छन् । 'तीन सुपरस्टार'सँग काम गर्न उनलाई उत्साह र डर दुवै थियो ।

परीक्षा भन्छिन्, 'उहाँहरु कसरी काम गर्नुहुन्छ र मलाई कसरी 'ट्रिट' गर्नुहुन्छ भन्ने कौतुहलता र मनमा डर थियो । तर, उहाँहरुलाई भेटिसकेपछि त्यो सबै हरायो । उहाँहरूसँग त केही सिक्न पाउँछु भन्ने अनुभव भयो ।' फिल्ममा प्रदीपसँग परीक्षाको अन्तर जातीय प्रेमकथा भनिएको छ । यसमा काम गर्दा अन्तरजातीय प्रेम एकदमै गाह्रो हुने रहेछ भन्ने आफूले अनुभव गरेको उनको भनाई छ ।

'फिल्ममा म मगर समुदायबाट प्रतिनिधित्व गर्छु । हाम्रो समाजमा अझै पनि जातीय हिसाबले हेरिन्छ । त्यो हेराइले उहाँहरुलाई मात्र नभइ उहाँहरुसँग जोडिएका सबै मान्छेहरुलाई गाह्रो हुन्छ । प्रेम गर्ने जोडीलाई त यो मामलामा झनै गाह्रो हुँदो रैछ', परीक्षा अनुभव सुनाउँदै भन्छिन्, 'मेरो हकमा त्यो गाह्रो फिल्मको चरित्र भएर महसुस गरें । वास्तविक जीवनमा भने यो महसुस गर्न पाएको छैन ।'

उनी अभिनयलाई 'भोक'सँग तुलना गर्छिन् । भोक लाग्दा पाएको स्वादिष्ट खानेकुराको रुपमा उनी 'पूजार सार्की'लाई अर्थ्याउँछिन् । 'भोक लागेको बेला जे खाए पनि मिठो हुन्छ । मेरा लागि 'जारी' र 'छक्का पञ्जा' त्यस्तै भयो । 'पूजार सार्की'को हकमा भोक लागेको बेला निकै मीठो खानेकुरा खान पाएजस्तै भयो,' परीक्षा 'जारी' र 'छक्का पञ्जा'बाट पनि धेरै कुरा सिक्न पाएकोमा खुसी देखिन्छिन् ।

उनलाई 'पूजार सार्की' आफ्नो उमेरका धेरै दर्शक हेर्नुपर्छ भन्ने लाग्छ । 'पछि गएर समाज र देशको भविष्य बनाउने हामीले नै हो । अहिलेका मानिसलाई जातीय विभेद गर्नु भनेर सम्झाउँदा अलि समय लाग्छ, तर सानैदेखि जातीय विभेद गर्नुहुँदैन भनेर सिकाउन सकियो भने त्यो भविष्यका लागि फलदायी हुनसक्छ । अब जातीय विभेद हटाउनुपर्छ भन्ने फिल्मले सन्देश दिन्छ,' परीक्षा सुनिइन् ।

यही जेठ १० गतेबाट प्रदर्शन हुन लागेको फिल्मलाई दिनेश राउतले निर्देशन गरेका हुन् । यो फिल्ममा परीक्षासँगै मुख्य अभिनेत्रीमा अञ्जना बराइली पनि छिन् । विकास सुवेदीको लेखन तथा संगीतकार सुभाष भुषालको निर्माण रहेको फिल्ममा मोहन निरौला, प्रेम सुब्बा, लोकेन्द्र लेखक, सुवास गजुरेल, विद्या कार्की, तारा शर्मा, शङ्कर आचार्य, गोविन्द रमण पराजुली आदिको पनि अभिनय छ ।

# गाँजा खेती अध्ययन गर्ने बजेटको घोषणा कागजमै सीमित

काठमाडौं/चालु आर्थिक वर्ष (आव) २०८०/८१ को बजेटमा सरकारले गाँजा खेतीको सम्भावना बारे अध्ययन गर्ने भनेको छ । बजेट वर्ष सकिन दुई महिना बाँकी हुँदा पनि कार्यान्वयनमा भने प्रगति देखिएको छैन ।



तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महतले चालु आवको बजेट प्रस्तुत गर्दा गाँजा खेतीको सम्भावनाबारे अध्ययन गर्ने घोषणा गरेका थिए । बजेट कार्यान्वयन गर्न हालसम्म दुईभन्दा बढी पटक छलफल नगरेको देखिन्छ ।

सरकारले बजेट कार्यान्वयन गर्न भन्दै २० कात्तिक २०८० मा गाँजा खेतीको सम्भाव्यता अध्ययनका लागि कार्यदल गठन गऱ्यो । तत्कालीन अर्थमन्त्री महतको अध्यक्षतामा अर्थ मन्त्रालयमा बसेको बैठकले गृह मन्त्रालयका तत्कालीन सहसचिव भीष्मलाल भुसालको संयोजकत्वमा प्रधानमन्त्री कार्यालय, अर्थ, उद्योग, कानुन, परराष्ट्र मन्त्रालयका सहसचिव र नेपाल प्रहरीका प्रतिनिधि सदस्य तथा कृषि मन्त्रालयका सहसचिव सदस्यसचिव रहने गरी कार्यदल बनाएको थियो ।

कार्यदलले काम सुरु गरेको एक महिनाभित्र प्रतिवेदन बुझाउन तत्कालीन अर्थमन्त्री महतले निर्देशन दिएका थिए । त्यो बेला कार्यदललाई गाँजा औषधिका रूपमा कसरी उपयोग गर्न सकिन्छ र गाँजाबाट औद्योगिकीकरणको सम्भाव्य अनुसन्धान गर्ने 'म्यान्डेट' दिइएको थियो ।

तर, उक्त कार्यदलले बजेट अभाव देखाउँदै काम गरेन । त्यसको केही समयमै गृह सहसचिव भुसालको सरुवा भयो । 'अनुसन्धान गर्न हामीले स्वास्थ्य अनुसन्धान परिषद्लाई भन्यौं, त्यसपछि म सरुवा भएँ । अरू अपडेट छैन,' भुसालले भने ।

त्यस अगाडि १७ भदौमै प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिको छलफलमा गाँजा खेतीलाई वैध बनाउनुपर्नेमा एकमत देखिएको थियो ।

समितिको छलफलमा बोल्ने सांसदले गाँजा खेतीका सम्बन्धमा नीतिगत व्यवस्था के गर्न सकिन्छ भनेर समितिले पहल लिनुपर्ने बताएका थिए ।

गाँजा खेतीमा लगाइएको प्रतिबन्ध छिटोभन्दा छिटो फुकुवा गरी किसानलाई खेती गर्ने अवसर दिनुपर्ने र नेपाली गाँजालाई अन्तर्राष्ट्रिय बजारमा पठाउनुपर्ने समिति सदस्यहरूको माग थियो । छलफलपछि अर्थ मन्त्रालयले कार्यदल बनायो तर त्यसको कार्यान्वयन भएन । न कृषि समितिमा नै उक्त विषयले फेरि स्थान पायो ।

**पुरानै चर्चा**

यसो त गाँजा खेतीको वैधानिकता विषयमा अहिले मात्रै चर्चा भएको होइन । प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा पनि गाँजा खेतीलाई खुला गर्नुपर्ने विषयलाई सांसदहरूले उठाएका थिए ।

नेकपा एमालेका तत्कालीन सांसद शेरबहादुर तामाङ र नेकपा एकीकृत समाजवादीका तत्कालीन सांसद विरोध खतिवडाले गाँजा खेतीलाई खुला गर्ने सम्बन्धी गैरसरकारी विधेयक नै संसद्मा दर्ता गरेका थिए । तर, ती दुवै विधेयक प्रक्रियामा प्रवेश नै गरेनन् ।

गाँजा खेतीको वैधानिकता बारे वकालत गर्दै आएका नेकपा एमाले नेता तथा पूर्वमन्त्री शेरबहादुर तामाङ सरकारमा बस्नेहरूको निर्णय क्षमता नहुँदा निर्णय हुन नसकेको बताउँछन् ।

'सरकारमा बस्ने मान्छेहरू यो विषयमा गम्भीर देखिएनन् । सरकारमा बस्नेहरूको निर्णय क्षमता नहुँदा गाँजाको विषयमा निर्णय नभएको हो,' तामाङले संचारकर्मीसँग भने ।

उनले गाँजा खेतीको वैधानिकता आवश्यकता छ कि छैन भन्ने विषयमा बहस नै अब आवश्यक नै नभएको भन्दै अब निर्णय गरेर कार्यान्वयन धमाधम गर्नुपर्ने बताए । 'यसको महत्व, यसको विशेषताबारे धेरै छलफल भइसकेको छ, अब सरकारले निर्णय गरेर काम सुरु गर्ने बेला भइसकेको छ,' तामाङले भने ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का प्रवक्ता लुमानिधि पाण्डे सरकारले अनुसन्धानका लागि चासो नदिएको बताउँछन् ।

'खेतीको विषयमा अध्ययन गर्दा नार्कलाई सम्झिनुपर्ने हो, तर कार्यदल बनाउँदा समेत कृषिसम्बन्धी अनुसन्धान गरिरहेको संस्थाहरूलाई सरकारले छुटाउँछ । यो विषयमा हामीले कुनै अनुसन्धान गरेको छैन,' उनले भने ।

२०३३ सालसम्म नेपालमा गाँजा खेती वैध थियो । संयुक्त राष्ट्र संघले सन् १९६१ मा पारित गरेको 'द सिंगल कन्भेन्सन अन नार्कोटिक ड्रग्स १९६१' मा गाँजालाई लागूऔषधका रूपमा परिभाषित गरिएको छ । उक्त अभिसन्धिमा हस्ताक्षर गरेपछि नेपालले पनि २०३३ सालमा लागूऔषध नियन्त्रण सम्बन्धी कानुन बनाएर गाँजा खेतीलाई अवैध बनाएको थियो ।

लागूऔषध नियन्त्रण ऐन, २०३३ पछि बनेका यससँग सम्बन्धित कानुनले गाँजालाई लागूऔषधका रूपमा राख्दै आएको छ । तर, अमेरिकाका विभिन्न राज्यहरू, क्यानडा, जर्मनी लगायतले गाँजा खेतीलाई वैध बनाइसकेका छन् ।

तर, हालसम्म नेपालमा गाँजाखेती, भण्डारण, सेवन र बिक्री वितरणलाई अवैधानिक र दण्डनीय मानिन्छ । तथापि, नेपालका विभिन्न क्षेत्रमा गाँजा खेती हुने गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# लागुऔषध कारोबारी समात्न गोली चलाउँदैछ प्रहरी

काठमाडौं/सुनसरीमा लागूऔषध नियन्त्रण ब्यूरोले बिहीबार गोली चलाएर दुई जना लागूऔषध कारोबारीलाई समात्यो ।

सप्तरीको सप्तकोशी-५ का ३५ वर्षीय श्यामसुन्दर मण्डल र सुनसरीको इटहरी नगरपालिका-५ बस्ने ४० वर्षीय श्याम निरौलालाई प्रहरीले पक्राउ गरेको छ । उनीहरुमध्ये मण्डलले प्रहरीलाई आक्रमण गर्न खोजेपछि खुट्टामा गोली हानेर पक्राउ गरिएको ब्यूरोका अधिकृतहरु बताउँछन् ।

मंगलबार मात्रै पनि लागुऔषध नियन्त्रण ब्यूरोको टोलीले मोरङको रतुवामाई नगरपालिका कादुपाडामा गोली हानेर अर्का लागुऔषध कारोबारी समातेको थियो । भारतको बिहार, किसनगञ्ज घर भएका ४८ वर्षीय भागिरथ हरिजनलाई गोली प्रहार गरेर ब्यूरोले पक्राउ गरेको थियो ।

हरिजनमाथि खुट्टामा दुई राउण्ड गोली प्रहार गरेर १४९ ग्राम लागु औषध खैरो हेरोइन प्रहरीले बरामद गरेको थियो । सो क्रममा एक जना प्रहरी सहायक निरीक्षक (असई) समेत घाइते भएका थिए ।

उनी पूर्वी तराईका जिल्लाहरुमा लागु औषधको सप्लाईको काम गर्ने व्यक्ति भएको दाबी ब्यूरोको छ । विगत तीन महिना पछिको निगरानीबाट उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

हरिजनलाई गोली हानेर समाउनुभन्दा करिब ४ दिनअघि ब्यूरोकै टोलीले २७ वैशाखमा गोली चलाएर तीन जना लागु औषध कारोबारीलाई बाँकेबाट पक्राउ गऱ्यो ।

कोहलपुर नगरपालिका-१२ चप्पलगौडी बस्ने २६ वर्षीय सुशील परियारलाई गोली प्रहार गरी पक्राउ गरिएको थियो । त्यतिबेला सोही ठाउँका २७ वर्षीय प्रमोद कार्की पनि समातिए । उनीहरुको साथबाट ११० ग्राम ब्राउन सुगर बरामद भयो । फरार रहेकी सोही ठाउँकी २३ वर्षीया पार्वती थापा समेत पछि प्रहरी फन्दामा परिन् ।

१७ वैशाखमा ब्यूरोकै टोलीले झापा गाउँपालिका-३ कामाटोलीमा गोली प्रहार गरेर भारतीय नागरिक अब्दुल सरिफुललाई पक्राउ गरेको थियो । घर भित्रैबाट पक्राउ गर्न खोज्दा खुकुरीले प्रहरीलाई नै आक्रमण गर्न खोजेपछि गोली प्रहार गरेर समातिएको दाबी प्रहरीको छ । उनको साथबाट ११६ ग्राम खैरो हेराइन प्रहरीले बरामद गरेको थियो । उनी झापामा खैरो हेरोइन बेच्ने मुख्य कारोबारी रहेको दाबी प्रहरीको छ ।

करिब दुई साताको अवधिमा ब्यूरोको टोलीले गोली प्रहार गरेर तराईका तीन फरक जिल्लाबाट ५ जनालाई पक्राउ गरेको छ । उनीहरूबाट ३७० ग्रामभन्दा बढी खैरो हेराइन बरामद भएको छ । दुई साताको अवधिमा ब्यूरोले ३ फरक जिल्लामा गोली चलाएर लागु औषध कारोबारीलाई पक्राउ गरेको छ ।

कोभर्टमा रहेर काम गर्ने ब्यूरोको क्षेत्राधिकार देशैभरि रहेकाले लागु औषध 'हब' मानिएएका जिल्लाहरुमा आफ्नो टोली पठाएर ब्यूरो लागु औषध कारोबारीविरुद्ध आक्रामक रुपमा प्रस्तुत भएको छ ।

यसअघिका घटनाहरुमा सामान्यतया लागु औषध कारोबारीलाई अन्तिम अवस्थामा मात्रै गोली प्रहार गरेको देखिए पनि अहिले भने प्रहरी थप आक्रामक भएर प्रस्तुत भएको छ । यो कुरा ब्यूरोका एसएसपी गोविन्द थपलिया समेत स्वीकार्छन् ।

प्रहरीले अहिले थप आक्रामक हुनेको साइनो भने गृहमन्त्री रवि लामिछानेसँग जोडिएको बुझिएको छ । 'माननीय रवि लामिछानेज्यू गृहमन्त्री भएर आएपछि लागु औषध कारोबारीप्रति प्रहरी थप आक्रामक भएको सत्य हो' एसएसपी थपलियाले भने ।

लागु औषध कारोबारीप्रति आक्रामक पुलिसिङ गर्न निर्देशन पाए अनुसार प्रहरी पछिल्ला दिनमा आक्रामक बनेको उनको आशय थियो । अहिले ब्यूरोले लागु औषध कारोबारीप्रति चलाएको गोलीको सम्बन्ध पनि गृहमन्त्री लामिछानेसँग जोडिएको एसएसपी थपलियाको भनाइबाट बुझिन्छ ।

प्रहरीले यसअघि पनि गोली चलाएर लागु औषध कारोबारीलाई पक्राउ नगरेको भने होइन । तर यसअघि लागु औषध कारोबारीविरुद्ध चलाइएका अधिकांशजसो गोलीका घटनाहरुमा कारोबारीहरुबाट प्रहरीले हतियार बरामद गरेको हुन्थ्यो ।

यसअघि २६ मंसिर २०८० मा ललितपुरको झम्सिखेलमा गोली चलाएर लागु औषध कारोबारीलाई प्रहरीले पक्राउ गरेको थियो । उदयपुरको गाईघाटका ४० वर्षीय अविनाश राईबाट ४८५ ग्राम एम्फेटामाइन प्रहरीले बरामद गरेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# जितु, मिलन, शान्तिश्रीले दुबईमा मनोरञ्जनात्मक प्रस्तुति दिने

काठमाडौं/हास्य कलाकार जितु नेपाल लगायतले दुबईमा मनोरञ्जनात्मक प्रस्तुति दिने भएका छन् । रेमिटेन्स प्रवर्धनको लागि सिटी एक्सप्रेस मनी ट्रान्सफरले मे १९ मा कार्यक्रम गर्न लागेको हो ।




दुबईको बरदुबईस्थित एसके सेभेन क्लबमा सांगीतिक कार्यक्रमको आयोजना गरिएको छ । सिटी एक्सप्रेस मनी ट्रान्सफरका व्यवसायिक दूत तथा हास्य कलाकार नेपालसहित गायिका मिलन नेवार र शान्तिश्री परियार, गायक खेम सेन्चुरी र कलाकार अञ्जली अधिकारीले प्रस्तुति दिन लागेका हुन् ।

ग्राहक तथा युएईस्थित नेपाली समुदायलाई मनोरञ्जन दिलाउने उद्देश्यले कार्यक्रम गर्न लागिएको सिटी एक्सप्रेस मनी ट्रान्सफरले जनाएको छ । यो संस्थाले १७ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आएको छ ।

# बलिउड सेलिब्रेटीमा किन बढ्दैछ पर्सनालिटी राइट्सको चिन्ता ?

एजेन्सी, काठमाडौं/ बलिउड सेलिब्रेटीहरुमा 'पर्सनालिटी राइट्स' (व्यक्तित्व अधिकार)को चिन्ता बढ्दो देखिएको छ । त्यसका लागि उनीहरुले कानुनी बाटो रोज्न थालेका छन् । दुई वर्षअघि अभिनेता अमिताभ बच्चनले आफ्नो अनुमतिबिना व्यावसायिक लाभका लागि आवाज, तस्वीर र चालढाल प्रयोग भएको भन्दै अदालतमा मुद्धा हालेका थिए । पछि उनलाई पछ्याउँदै अभिनेता अनिल कपूर पनि अदालत पुगे ।

दिल्ली उच्च अदालतले अमिताभ र अनिलको पक्षमा फैसला गर्दै उनीहरुको अनुमतिबिना आवाज, तस्वीर र चालढाल प्रयोग नगर्न आदेश दिएको थियो । यस्तैमा अर्का बलिउड अभिनेता ज्याकी श्राफले पनि आफ्नो व्यक्तिगत पहिचान बचाउन अदालतको ढोका ढकढकाएका छन् । 'जग्गु दादा' उपनाम, 'भिडु' थेगो, आवाज र हाउभाउको सुरक्षाको माग गर्दै उनी दिल्ली अदालत पुगेका हुन् ।

सोसल मिडिया (फेसबुक, ट्विटर, इन्स्टाग्राम आदि), एआई र जीआईएफ तथा मीम बनाउने प्लेटफर्ममा आफ्नो आवाज र नामलाई बिना अनुमति प्रयोग गरिएको भन्दै ज्याकीले कानुनी बाटो रोजेका हुन् । उनको आवाज र हाउभाउमा विभिन्न टीभी शोहरुमा समेत कलाकारहरुले हँसाउने उद्देश्यले प्रस्तुति दिने गरेका छन् । यसले आफ्नो व्यक्तिगत पहिचान गुम्ने खतरा बढेको उनको भनाई छ ।

भारतीय कानुनमा पर्सनालिटी राइट्सको सुरक्षालाई लिएर प्रष्ट रुपमा उल्लेख छैन । तर, पछिल्लो समय भारतमा यस्तो मामला धेरै आइरहेका छन् । व्यावसायिक लाभका लागि चर्चित कलाकारको आवाज, तस्वीर तथा शारीरिक हाउभाउ प्रयोग गरेर 'डीपफेक' सामाग्री तथा 'मिस्लीडिङ कन्टेन्ट' बनाउने क्रम बढेको छ । यो अहिले भारतीय कलाकारहरुका लागि चिन्ताको विषय बनेको छ ।

*(स्रोत: फिल्मीखबर)*

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# बागमतीमा कृषि मन्त्रालयको ८ महिना



साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आठ महिनाको अवधिमा भए/गरेका कामको विवरण सार्वजनिक गरेको छ ।

मन्त्रालयका सचिव राजेन्द्र कोइरालाले ८ महिनाको उपलब्धीबारे जानकारी दिन बिहीवार पत्रकार सम्मेलन गरे । सचिव कोइरालाले मन्त्रालयमा यसअघि हुने साना कार्यक्रम जिल्लास्थित मातहतका कार्यालयमा पठाएर मन्त्रालयलाई नीतिगत कार्यमा केन्द्रित गराएको दाबी गरे । मन्त्रालयको कार्यजिम्मेवारी बमोजिम नीति निर्माण, अनुगमन तथा समन्वयमा मन्त्रालय बढी केन्द्रित गरिएको, प्रदेश कृषि विकास सम्बन्धमा बनेको विधेयक, २०८० बागमती प्रदेशसभामा पेश भई विषयगत समितिमा छलफल गरिएको, मन्त्रालय तथा मातहतका कार्यालयको आर्थिक वर्ष २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम सञ्चालनको लागि तयार गरिएको १८ वटा नयाँ कार्यविधिको स्वीकृत भएको उनले बताए ।

मन्त्रालय तथा अन्तर्गतका कार्यालयको संगठन संरचना तथा दरवन्दी तेरीज स्वीकृत भई कृषि विकास कार्यालय तथा पशुसेवा कार्यालय नरहेका जिल्लामा सेवाकेन्द्र स्थापना गरिएको, समुदायमा आधारित एक वडा एक कृषिउत्पादन कार्यक्रम ५ वर्षसम्म सञ्चालन हुनेगरी प्रदेश सरकारवाट कार्यविधि स्वीकृत गरिएको, बागमती प्रदेशका ८ जिल्लाका १० स्थानमा निर्माणाधीन शीतभण्डारमा भएका कमिकमजोरीलाइ सुधार गरी छिटोभन्दा छिटो सम्पन्न गर्न पहल गरिएको सचिव कोइरालाले बताए ।

हेटौंडामा निर्माण सम्पन्न भएको धुलो दुध उत्पादन गर्ने पाउडर प्लान्टको सञ्चालन मोडालिटिमा छलफल भइरहेको र हाल हेटौंडा दुग्ध वितरण आयोजनाले सञ्चालन गरिरहको सचिव कोइरालाले बताए । हाल सञ्चालित बीउ पुँजी कार्यक्रमलाइ थप परिस्कृत गर्दै कृषिक्षेत्रमा लगानी बढाउन बैंक तथा वित्तीय संस्थामार्फत कृषिकर्जा उपलब्ध गराउने र प्रदेशले प्रवाह भएको ऋणको व्याज निश्चित समयसम्म त्रैमासिक, अर्धवार्षिक, वार्षिकरुपमा तिरिदिने गरी कार्यक्रम सञ्चालनमा संघीय सरकारसँग समन्वय भएको उनको भनाई छ ।

# जिल्ला अधिवेशनका लागि बन्यो प्रतिनिधि चयनको मापदण्ड

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/नेकपा एमाले मकवानपुरले जिल्लाको १२ औं अधिवेशन तयारीलाई तीव्रता दिइएको छ । जेठ १८ र १९ गते हुने अधिवेशन तयारीको लागि बिहीबार पार्टी केन्द्रीय नेताहरु समेतको उपस्थितिमा बसेको बैठकले प्रतिनिधि चयनको मापदण्ड निर्धारण गरेको छ ।

बैठकले जिल्ला अधिवेशनमा अन्य समुदायबाट २० जना बराबर १ जना, महिलाबाट १५ जना बराबर १ जना र पेशागत, मजदुर र दलित समुदायबाट १० जना बराबर १ जना प्रतिनिधि चयन गर्ने निर्णय गरेको छ । त्यसैगरी जनसंगठनबाट पनि प्रतिनिधि चयन गरिने छन् । प्रतिनिधि चयन गर्दा कम्तिमा ३३ प्रतिशत महिला र १५ प्रतिशत युवा अनिवार्यरुपमा समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ । यसैगरी बैठकले महासंघहरु र अनेरास्ववीयु, युवासंघ नेपाल, अनेमसंघवाट २ जना र अन्य जनसंगठनवाट एक/एक प्रतिनिधि चयन गरिने व्यवस्था गरेको छ । प्रतिनिधि चयन गर्दा ३३ प्रतिशत महिला र १५ प्रथितशत युवा अनिवार्य चयन गर्नुपर्ने व्यवस्था भएको बताइएको छ ।

जिल्लाका १० स्थानीय तहका १०२ वटै वडामा जेठ ७ गते र जनसंगठनको जेठ ८ गतेका दिन प्रतिनिधि चयन गरिने भएको छ । त्यसैगरी, जेठ १७ गते जिल्लाभर प्रचारात्मक मोटरसाइकल ¥याली गरिने छ भने सबै वडा कमिटी, जनवर्गीय कमिटी र तहगत कमिटीले अधिवेशनको ब्यानर राख्नुपर्ने निर्णय गरिएको छ । एमाले पोलिटव्युरो सदस्य एवम् मकवानपुर ईन्चार्ज देवी ज्ञावलीको प्रमुख आतिथ्यता र पार्टी जिल्ला अध्यक्ष एकालाल श्रेष्ठको अध्यक्षतामा भएको बैठकमा एमाले केन्द्रीय सदस्य रामेश्वर राना, केदार न्यौपाने, प्रदेश सदस्यहरुको उपस्थिति रहेको थियो ।

# मनहरीका ४ विपन्न एकल महिलालाई घर हस्तान्तरण




साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/मनहरी गाउँपालिकाको ३ वटा वडाका सीमान्तकृत र अतिविपन्न चेपाङ समुदायका एकल महिलाको लागि टुकी फाउन्डेसनले बनाएको घर विहीबार हस्तान्तरण गरिएको छ ।

नेपाली कांग्रेस बागमती प्रदेशसभापति एवम् वागमती प्रदेशसभा सदस्य इन्द्रबहादुर बानियाँले टुकी फाउन्डेसनले निर्माण गरेको भुकम्प प्रतिरोधात्मक ४ वटा घर चेपाङ समुदायका एकल महिलालाई हस्तान्तरण गरे ।

तालाचावी दिएर घर हस्तान्तरण गर्दै प्रदेशसभा सदस्य बानियाँले फाउण्डेसनले मनहरी गाउँपालिकाको समन्वयमा अतिविपन्न चेपाङ समुदायका एकल महिलालाई घर बनाईदिएर अनुकरणीय कार्य गरेको बताउँदै आउँदा दिनहरुमा पनि मकवानपुरका विकट क्षेत्रमा विपन्न परिवारलाई घर बनाएर सहयोग गर्न आग्रह गरे ।

टुकी फाउन्डेसनले मनहरी गाउँपालिका-४ नयाँबस्ती, ६ को प्रतापपुर र नयाँवस्ती, मनहरी-८ सिम्पानीका एकल महिला सानुमाया प्रजा, सविता प्रजा, प्रविना प्रजा र जातिमाया प्रजालाई सुरक्षित आवास बनाएर हस्तान्तरण गरेको हो ।

फाउण्डेसनले प्रत्येक एकल महिलालाई करिब ८ लाख बराबरको सुरक्षित घर, शौचालय र ३० हजार बराबरको बाख्रा र गोठ निर्माण गरिदिएको फाउण्डेसनकी अध्यक्ष सावित्री र जालीले बताइन् ।

कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, नेपाली कांग्रेसका महासमिति सदस्यहरु राजेश भेटवाल र जनकराज उप्रेती, मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौला, नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य मिलन पुडासैनी, मनहरी-४ का वडाअध्यक्ष प्रकाश थापा, ८ का वडाअध्यक्ष नारायण उप्रेती, कार्यपालिका सदस्य मीरा खत्री, समाजसेवीहरु सीताराम बर्तौला, विदुर थापा, भीमसेन लामा, लक्ष्मण कार्कीलगायतको उपस्थिति रहेको थियो ।

# ४ कोठे भवनको शिलान्यास



साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/मनहरी गाउँपालिका-६ रुपाचुरीमा रहेको सगरमाथा आधारभूत विद्यालयको ४ कोठे भवनको शिलान्यास गरिएको छ ।

एकअर्थ फाउन्डेसन र विल्डिङ एजुकेशन नेपालको सहयोगमा निर्माण गर्न लागिएको ४ कोठे भवनको नेपाली कांग्रेस बागमती प्रदेशसभापति एवम् वागमती प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँले बिहिबार शिलान्यास गरेका हुन् ।

मनहरी गाउँपालिकाको विकट रुपाचुरीस्थित ८ कक्षासम्म पढाई हुने सगरमाथा आधारभूत विद्यालयमा २ सय २६ जना विद्यार्थी रहेको प्रधानाध्यापक खड्गबहादुर मोक्तानले बताए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बीरबहादुर लामाको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, एकअर्थ फाउण्डेसनका प्रवन्धनिर्देशक कोवित बानियाँ, विद्यालयका प्रधानाध्यापक मोक्तान, कांग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौला, नेविसंघ केन्द्रीय सदस्य मिलन पुडासैनी, वडासदस्य राममाया नगरकोटी, प्रमिला विश्वकर्मा, समाजसेवी राजेश भेटवाल, जनकराज उप्रेती, विदुर थापा, भीमसेन लामा, मोहन ग्लानलगायतको उपस्थिति रहेको थियो ।

# मुख्यमन्त्रीलाई नागरिक संघसंस्थाको ध्यानाकर्षण



साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/मकवानपुरका नागरिक संघसस्थाहरुले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई प्रदेशको दोस्रो आवधिक योजनामा जलवायु कार्यक्रमको मूलप्रवाहीकरण सवाल सम्बोधन गर्न ध्यानाकर्षण गराएका छन् ।

जोखिममा परेका सीमान्तकृत समुदाय, आदिवासी जनजाति, महिला, अपाङ्गता र जलवायु प्रभावको उच्च जोखिमयुक्त क्षेत्रका बासिन्दालाई संरक्षण गर्न माग गरिएको हो । सम्बन्धित स्रोत र लाभहरुको निष्पक्ष वितरण सुनिश्चित गरी उनीहरुको विशेष आवश्यकतालाई सम्बोधन गर्दै जलवायु न्याय कायम गर्न माग गरिएको छ । यसैगरी, जलवायु परिवर्तनको जोखिममा रहेका विभिन्न क्षेत्रमा धेरै अनुकूलन पहल भइरहेको र स्थानीय अनुकूलन कार्ययोजना (लापा) राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमै कार्यान्वयमा ल्याउन माग गरिएको हो ।

स्थानीय विपद् जोखिम व्यवस्थापन योजनामा स्थानीयस्तरमा लागू भइरहेका जलवायु परिवर्तनको सवाललाई दोस्रो आवधिक योजनाले स्थानीय सरकारका स्रोत/साधनको अधिकतम उपयोगका लागि भएका पहललाई पनि एकीकृत गर्दै लैजानुपर्ने ध्यानाकर्षण गराइएको हो । जलवायु परिवर्तन र यससँग सम्बन्धित क्षेत्रमा काम गर्दै आइरहेको १४ ओटा नागरिक संस्थाद्वारा संयुक्त रुपमा ज्ञापनपत्र बुझाइएको हो ।

प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश सरकारले हाल दोस्रो आवधिक योजनाको मस्यौदा तयार गर्ने प्रक्रियामा रहेकाले नागरिक संस्थाहरु उल्लेखित मागसहितको ध्यानाकर्षणपत्र बुझाएका हुन् । सञ्जालमा एक्शनएड नेपाल, ११ वटा नागरिक समाज संस्थाको समूह जलवायु र विकास संवाद, मकवानपुर महिला समूह, चितवन सक्रिय महिला प्रतिष्ठान, महिला एकता समाजलगायत छन् ।

# हात्तीको आक्रमणबाट महिला घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ३ जेठ/मकवानपुरको मनहरी गाउँपालिका-७, प्याञ्चेमा हात्तीको आक्रमणमा परेर एक महिला घाइते भएकी छन् । हात्तीको आक्रमणमा परेर स्थानीय ५५ बर्षीया विन्दुमाया प्रजा घाइते भएकी बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

प्रहरीका अनुसार, बुधबार बिहान ज्यामिरे मध्वर्ती सामुदायिक जङ्गलमा निहुरो टिप्न गएकी उनलाई जंगली हात्तीले आक्रमण गरेको र घाइते बनाएको हो । घाइते प्रजाको चितवनको भरतपुरस्थित सरकारी अस्पताल उपचार भइरहेको छ । उनको दायाँबाँया खुट्टामा चोट, छातीमा भित्री चोट लागेको जनाइएको छ ।


## जनहितमा जारी सन्देश !

नेपालमा हृदयघातको बिरामी बढ्दै गइरहेको छ । यस रोगबाट मृत्यु र अन्य दीर्घकालीन समस्या हुनसक्छ । खुसीको कुरा, हाम्रो आफ्नो नियमित बानी व्यहोराले हृदयघातबाट बच्न सकिन्छ ।

**कस्तो बानिव्यहोराले बच्न सकिन्छ त ?**

- ☞ सूर्तीजन्य पदार्थ प्रयोग नगर्ने,
- ☞ मध्यपान सेवन नगर्ने,
- ☞ स्वास्थ्यकर खाना खाने,
- ☞ नियमित रुपमा व्यायाम गर्ने,

**निम्न लक्षण देखिएमा तुरुन्त स्वास्थ्यजाँच गराउने**

१. छातिको बिच भागमा वा बायाँतिर दुख्ने र सो दुःखाई घाँटी, बायाँ पाखुरातिर सर्ने भएमा ।
२. छातिमा भारीपन वा मन्दमन्द दुखेमा ।
३. छाति दुख्नुको सँगसँगै पसिना आउने, वाकवाकी लाग्ने, उल्टी हुने, डर लाग्ने, छटपटी हुने, मुटुको ढुकढुकी बढ्ने, रिंगटा लाग्ने भएमा ।

बागमती प्रदेश सरकार अन्तर्गत रहेको १३ प्रादेशिक अस्पतालका चिकित्सक एवं स्वास्थ्यकर्मीहरुलाई हृदयघात व्यवस्थापन तालिम दिई सेवा सुरु भइसकेको र बागमती प्रदेशका बिरामीहरुलाई शहिद गंगालाल हृदय केन्द्रको सुपरीवेक्षण सेवा प्रदान सुरु गरेको हुँदा स्वास्थ्यकर बानी अपनाई रोगबाट बच्न र समस्या देखिएमा तुरुन्त स्वास्थ्य जाँच गराउन अनुरोध छ ।

बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल



## बालबालिकाप्रति असल व्यवहार गरौं

- ☞ बालबालिकालाई पर्याप्त समय दिऔं, उनीहरुको कुरा ध्यान दिएर सुनौं,
- ☞ उनीहरुको सोच र व्यवहार सकारात्मक बनाऔं,
- ☞ बालबालिकालाई स्नेह र माया गरौं,
- ☞ उनीहरुलाई आत्मनिर्भरताको बाटो देखाऔं,
- ☞ बालबालिकाको गतिविधिका बारेमा जानकार बनौं,
- ☞ उनीहरुको अभिभावकप्रतिको आशा र विश्वासलाई कायम राखौं,
- ☞ बालबालिकालाई सामाजिक तथा पारिवारिक निर्णयमा सहभागी गराऔं,
- ☞ परिवारका सदस्यबीच मीठो र मधुर बोलौं,
- ☞ बाल मस्तिष्कमा सकारात्मक प्रभाव पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट






**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ☞ ग्याँस ओभनबाट उत्पादन गरिने ।
- ☞ हानिकारक धुवाँको असर नहुने ।
- ☞ १२ प्रकारका घरायसी मसलायुक्त ।
- ☞ तत्काल खान मिल्ने ।
- ☞ खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

**सुदिन प्याकेजिङ्ग उद्योग**
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना